# सयपत्री नेपाली साँस्कृतिक समुह, यु.के. को संशोधित विधान सन् सेप्टेम्बर २०१६

**प्रस्तावना**

सयपत्री नेपाली साँस्कृतिक समुह एक विशुद्ध गैर राजनितिक, गैर धार्मिक तथा नाफारहित सामाजिक संस्था हो। नेपाली कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नुको साथै देश विदेशमा रहेका नेपाली तथा गैर नेपाली समाजमा यसको पहिचान गराउनु पर्ने आवश्यकता महशुस गरि यस संस्थाको स्थापना गरिएको हो। यसले नेपाली समाजको हक र हितको सवालमा नेपाली समुदाय बीच कार्य गर्नेछ।

जसरी सयपत्री फुलको थुङ्गा विभिन्न पत्रहरू मिलेर सुन्दर देखिएको हुन्छ, त्यसरी नै हाम्रो नेपाली कला र संस्कृतिमा विविधता रहेको कारण सौन्दर्यता झल्काएको छ। किनभने नेपाल एक बहुजाति, बहुभाषिक र धार्मिक देश हुनुको साथसाथै यहाँको भौगोलिक तथा हावापानीमा विविधता रहेको पाउछौ। जसको फलस्वरूप पुर्व मेची देखी पश्चिम महाकालीसम्म प्रतिनिधित्व गर्ने हामी नेपालीको भाषा, लिपी, भेषभुषा, खाना, रहनसहन, चार्डवाढ, कला, नृत्य, संगित तथा बाजाहरूमा पनि पृथक किसिमको विशेषता रहको पाउछौं।

हाम्रो नेपालाी कला र संस्कृति नै हाम्रो पहिचान र शान हो, यसले हाम्रो समाजको मुल्य, मान्यता तथा सभ्यताको चित्रण गरेको हुन्छ। यसरी विभिन्न शिलशिलामा हामी नेपाली यस बेलायतमा बसोवास गर्दा कतै हामी हाम्रो नेपाली कला र संस्कृति विर्सने त हैन अर्थात हाम्रो नयाँ पिडीमा आएर कतै हाम्रो कला र संस्कृति लोप हुने हैन भन्ने भयलाई निर्मुल पार्नको निम्ति यस सयपत्री नेपाली साँस्कृतिक समुहले नेपाली कला र संस्कृतिको जर्गेना गर्ने जर्मोको गरेको छ।

कला र संस्कृति एक पिडीबाट अर्को पिंडीमा सजिलैसंग प्रसार हुन्छ भने अर्को तर्फ लोप हुने पनि उत्तिकैं प्रवाल संभावना रहेको हुन्छ। यसलाई अभ्यासमा ल्याई हाम्रो नयाँ पिंडीमा यसको महत्वको पहिचान गराउन अत्यावाश्क ठानी सयपत्री नेपाली सांस्कृतिक समुह अगाडि बढ्ने दृडता लिएको छ।

## परिच्छेद- १

**१) संक्षिप्त नाम र प्रारम्भः-**

क) यस संस्थाको नाम " सयपत्री नेपाली साँस्कृतिक समुह, यु.के. " रहनेछ । यसलाई अंग्रेजीमा " **Sayapatri Nepali Cultural Group, UK** " र संक्षिप्तमा " **SNCG, UK** " भनिनेछ ।

ख) यस संस्थाको केन्द्रिय कार्यलय संयुक्त अधिराज्य बेलायतको वकिङ्गमा रहनेछ। आवश्यक परेको अवस्थामा बेलायतका विभिन्न स्थान लगायत अन्य राष्ट्हरूमा यस संस्थाले शाखा कार्यालयहरू विस्तार गर्न सक्नेछ ।

ग) संस्थाको अस्तित्वः- यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफारहित गैर सरकारी सामाजिक संस्था हुनेछ ।

घ) औपचारिक कामका लागि यस संस्थाले देवनागरी तथा अंग्रेजी भाषाको प्रयोग गर्नेछ।

ङ) यस संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ती आर्जन गर्न, खरिद बिक्रीगर्न सक्नेछ । साथै यस संस्थाले आफ्नो सम्पत्ति असुल उपर गर्दा व्यक्ति सरह नालिस उजुर गरि असुल उपर गर्न र व्यक्तिले यस संस्थालाई व्यक्ति सरह नालिस उजुर बाजुर गर्न सक्नेछ ।

**२) परिभाषा**

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा

क) "संस्था" भन्नाले संस्थाको विधान सयपत्री नेपाली साँस्कृतिक समुह, यु.के. वा **Sayapatri Nepali Cultural Group, UK (SNCG, UK)** सम्झनु पर्छ।

ख)  "विधान" भन्नाले यस संस्थाको विधान सम्झनु पर्छ।

ग)  "समिति" भन्नाले केन्द्रिय कार्यकारिणी समिति जनाउनेछ।

घ)  "पदाधिकारी" भन्नाले संस्थाको समितिमा पदासिनहरुलाई जनाउनेछ।

ङ)  "सदस्य" भन्नाले विधानको परिच्छेद-३ को दफा ६ मा उल्लेखित सदस्यहरुलाई जनाउनेछ ।

च)  "नियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको नियमावलीलाई सम्झनु पर्दछ ।

छ)  "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्य र आजीवन सदस्यको संयुक्त सभालाई जनाउनेछ।

ज)  "बैठक" भन्नाले संस्थाको कार्यसमितिको बैठकलाई जनाउनेछ ।

झ)  "अधिवेशन" भन्नाले संस्थाको कार्य समितिको निर्वाचन हुने अधिवेशन वर्षलाई जनाउनेछ ।

**३. संस्थाको छाप र चिन्हः-**

सयपत्री फुलको बिचमा एक महिलाले नृत्य गरेको तस्विर र सो फुलको तलबाट माथि अर्ध गोलाकारमा संस्थाको नाम अंग्रेजी र नेपालीमा क्रमशः **Sayapatri Nepali Cultural Group, UK र सयपत्री नेपाली साँस्कृतिक समुह यु.के. को साथै** अन्त्यमा संस्थाको स्थापना मिति अंग्रेजीमा **Est. 2006** लेखिनेछ।

**४) कार्यलयः-**

क)  संस्थाको केन्द्रिय कार्यलय बेलायतको वकिङ्गमा रहनेछ।

ख)  शाखा कार्यलयहरू राख्नु परेको अवस्थामा स्थानिय एकाईहरुले तोकेको ठाउँहरुमा रहनेछन्।

## परिच्छेद -२
## उद्देश्य

**५. संस्थाको उद्देश्यहरूः-**

यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क)  नेपाली कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने।

ख)  नेपाली तथा गैर-नेपाली समाजमा नेपाली कला र संस्कृतिहरुको महत्वको पहिचान गर्ने, गराउने।

ग)  सामाजिक तथा सार्वजनिक हितसँग सरोकार रहने विविध विषयसँग सम्वन्धित कार्यक्रमहरू गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा गठित नेपाली संघ संस्थाहरू बीचमा समन्वय र सामञ्जस्य कायम गर्ने।

घ)  संयुक्त अधिराज्य बेलायत, नेपाल तथा अन्य अर्न्तराष्ट्रिय नेपाली समाजमा नेपालीको हकहित तथा साझा सवालमा विविध क्षेत्रहरुमा विविध किसिमको कार्यहरू गर्ने ।

ङ)  संस्थालाई गैर-धार्मिक, गैर-राजनीतिक र गैर-नाफामुलक संस्थाका रुपमा सञ्चालन गर्ने।

च)  नेपाली समाजमा छरिएर रहेका युवा शक्तिलाई एकिकृत गरी नेपाली संस्कृति तथा सामाजिक उत्थानका विभिन्न कार्यहरू गर्न उत्प्रेरणा जगाउने ।

ट)  नेपाली समाजमा सामाजिक सद्भाव र सहिष्णुता कायम गर्ने किसिमका विभिन्न कार्यहरू गर्ने ।

ज)  अन्य शैक्षिक एंव सामाजिक उत्थानमा टेवा पुग्ने विविधकार्यक्रमहरू संचालन गर्ने ।

**परिच्छेद-३**
**सदस्यता**

**<u>६. सदस्यताको बर्गीकरण</u>**

**यस संस्थामा ५ प्रकारका सदस्य हुनेछन् ।**

क) संस्थापक सदस्यः- यस संस्थाको स्थापना कालमा कार्य समितिमा रहेका र उक्त कार्य समितिले संस्थाको स्थापना अवधि तोकी प्रथम पटक सदस्यता प्रदान गरेका वा सदस्यता प्राप्त गरेका सबै ब्यक्तिहरू संस्थापक सदस्य हुनेछन् तर यी सदस्यहरूले आजीवन सदस्य शुल्क बुझाएको हुनुपर्नेछ ।

ख) साधारण सदस्यः- यस संस्थाको कार्य समितिद्धारा तोकिए बमोजिम साधारण सदस्यता शुल्क बुझाएको र १८ वर्ष उमेर पुगेको नेपाली तथा गैह्र आवसिय नेपाली नागरिकले यस संस्थाको साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

ग) आजीवन सदस्यः- आजीवन सदस्य भन्नाले यस संस्थाको कार्य समितिले तोकिए बमोजिमको शुल्क बुझाएको नेपाली नागरिक तथा गैह्र आवसिय नेपालीले आजीवन सदस्य बन्न चाहेमा निजलाई कार्य समितिको निर्णय अनुसार आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

घ) मानार्थ सदस्यः- यस संस्थाको विकाश तथा उद्देश्य पूरा गर्न विशेष योगदान पुऱ्याएका समाजका प्रतिष्ठित गैर-नेपाली ब्यक्तित्वहरूलाई कार्य समितिको निर्णयले मानार्थ सदस्यता प्रदान गरिनेछ । यस्ता सदस्यहरूले संस्थाको कार्य समितिद्धारा तोकिए बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

ङ) संरक्षक सदस्यः- कार्यसमितिको सिफारिसमा साधारणसभाले पारित गरेको अति विशिष्ठ ब्यक्तिलाई संस्थाको संरक्षक घोषणा गर्न सकिनेछ।

**<u>७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता</u>**

निम्न बमोजिमका योग्यता भएका ब्यक्तिहरू संस्थाको सदस्य बन्न सक्नेछन्।

क) १८ वर्ष उमेर पुरा गरेका नेपाली तथा गैह्र आवसिय नेपाली नागरिक,

ख) यस संस्थालाई विशेष सहयोग गरी संस्थागत विकाश र उद्देश्य पुरा गर्न योगदान पुऱ्याएका ब्यक्तिहरू,

ग) मानसिक सन्तुलन नगुमाएको ब्यक्ति,

घ) कुनै किसिमको फौजदारी अभियोग नलागेको ब्यक्ति,

ङ) संस्थाको कार्यमा निजि स्वार्थ नभएको,

**<u>८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था</u>**

देहायका कुनै पनि ब्यक्रि संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन ।

क) गैर-नेपाली नागरिक र १८ वर्ष उमेर पूरा नगरेको ।

ख) मगज विग्रेको ।

ग) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरूपयोग गरेको, भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको

घ) सम्वन्धित संस्थाको कार्यमा निजी स्वार्थ भएको ।

ङ) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

**९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-**

**क) साधारण सदस्यताः**

अ) साधारण सदस्य प्राप्त गर्न चाहने ब्यक्तिले कार्य समितिले तोकिए बमोजिम सदस्यता शुल्क बुझाई तोकिएको प्रक्रिया सहित आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

आ) साधारण सदस्यताको म्याद सकिएको दिन वा अगाडि साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष कार्य समितिले तोकिए बमोजिम सदस्यता शुल्क बुझाई नविकरण गराईसक्नु पर्नेछ।

**ख) मानार्थ सदस्यता :**

मानार्थ सदस्यताका लागि कार्य समितिले तोकिए बमोजिम शुल्क बुझाई तोकिएका प्रक्रिया अन्तरगत आवेदन दिने ब्यक्तिहरूलाई कार्य समितिको निर्णयले मानार्थ सदस्यता प्रदान गर्नेछ । तर त्यस्ता सदस्यहरूलाई मताधिकारको ब्यवस्था गरिएको छैन् ।

**ग) आजीवन सदस्यताः**

संस्थामा एकमुष्ठ कार्य समितिले तोकिए बमोजिम शुल्क बुझाई तोकिएको प्रक्रिया अन्तरगत आवेदन दिने ब्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्ने छ । यस प्रकारका सदस्यहरूले नविकरण गराईरहनु पर्दैन ।

**घ) संस्थापक सदस्यताः**

यस संस्थाको स्थापना कालमा रहेका तदर्थ समितिका पदाधिकारीहरू स्वतः संस्थापक सदस्य हुनेछन् र यस प्रकारका सदस्यहरूले साधारण वा आजिवन मध्य कुनै एक सदस्यलाई तोकिएको शुल्क बुझाई सदस्यता लिनुपर्ने छ।

**ङ)** परिच्छेद-३ को धारा १० को उपधारा (क), (ख), र (ग) का कुनै पनि आवेदकलाई सदस्यता नदिएको अवस्थामा सो कुराको कारण सहितको जानकारी आवेदकलाई दिईनेछ। सदस्यताको प्रदान कार्य समितिको निर्णयबाट हुनेछ । सबै सदस्यहरूले यस विधान र विधान अन्तरगत बनेको नियम र विनिमय भएको ब्यवस्थाको पालना गर्नुपर्ने छ ।

## परिच्छेद - ४
## साधारण सभा तथा बैठक सम्बन्धी ब्यवस्था

**१०. साधारण सभा**

क) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

अ) वार्षिक साधारण सभा

आ) विशेष साधारण सभा

ख) कार्य समितिले प्रत्येक वर्ष संस्थाको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र यस संस्थाको वार्षिक साधारण सभा आयोजना गर्नु पर्नेछ । साधारणसभाले विधानले ब्यवस्था गरे बमोजिमका कामहरू गर्नेछ । संस्थाको प्रत्येक दोस्रो वर्षको साधारण सभाले नयाँ केन्द्रिय कार्यकारिणी समितिको निर्वाचन गर्नेछ ।

ग) समितिले संस्थाको दुई तिहाई सदस्यहरू वा केन्द्रिय कार्यकारिणी समितिको दुईतिहाई सदस्यहरूले विधान बमोजिम विशेष साधारणसधाको माग गरेमा सोका लागि विशेष साधारणसभाको आयोजना गर्नेछ ।

घ) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइने छ ।

ङ) धारा (११) को उपधारा (घ) बमोजिम बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

**११. कार्य समिति**

क) संस्थाको उद्देश्य परिपुर्ति गर्नका लागि परिच्छेद-३ को उपधारा १०(क), १०(ग) र १०(घ) मा उल्लेखित भए बमोजिमका सदस्यहरू मध्येबाट कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । कार्य समितिका पदाधिकारी तथा सदस्यहरू निम्नानुसार रहने छन् ।

| | |
|---|---|
| १) अध्यक्ष | १ |
| २) उपाध्यक्ष | १ |
| ३) महासचिव | १ |
| ४) सहसचिव | १ |
| ५) कोषाध्यक्ष | १ |
| ६) सह- कोषाध्यक्ष | १ |
| ७) सदस्यहरू | ७ |
| **जम्मा** | **१३** |

ख) यस संस्थामा १३ जनाको कार्य समिति हुनेछ ।

ग) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

घ) बार्षिक साधारण सभा हुनु भन्दा अगाबै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिद्धारा कुनै सदस्यको नियुक्ति गर्न सकिनेछ । सो रिक्त पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्यको बाँकी कार्यकालसम्मका लागिमात्र हुनेछ ।

ङ) प्रत्येक दुई महिनाको दोस्रो हप्ताको आईतवार कार्यसमितिको बैठक बस्नेछ । आवश्यकतानुसार अन्य समयमा पनि बैठक बस्न सकिनेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वयम् उपस्थित हुनु पर्नेछ ।

छ) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने छ ।

ज) कार्य समितिको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । सामान्य बहुमतको निर्णय नै कार्यकारिणी समितिको निर्णय हुनेछ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखी

राख्नुपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूको कम्तीमा ५१ प्रतिशतले सहि गर्नुपर्नेछ ।

ट) माथिका उपनियमहरूमा जुनकुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै पनि कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ ।

ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

**<u>१२) कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार</u>**

क) वार्षिक साधारणसभा, विशेष साधारणसभा र कार्यकारिणी समितिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

ख) निर्देशित उद्देश्य बमोजिम काम गर्ने, गराउने तथा संस्था संचालनमा आवश्यक नियमावली बनाई लागु गर्ने गराउने ।

ग) विधान संशोधन गर्नु परेमा विधान मस्यौदा समिति गठन गर्ने, मस्यौदा समितिले पेश गरेको विधानलाई बैठकद्धारा पारित गरी सो मस्यौदालाई साधारणसभा वा विशेषसभामा निर्णयार्थ पेश गर्ने। साधारणसभा वा विशेषसभाबाट पारित विधान कार्यान्वयन गर्ने, गराउने ।

घ) संस्थाको वार्षिक प्रतिबेदन तयार गरी साधारणसभामा पेश गर्ने ।

ङ) कार्यसमितिका पदाधिकारी र सदस्यहरूको पद रिक्त भएमा बाँकी अवधिका लागि साधारण वा आजीवन सदस्यहरूबाट पदपुर्ति गर्ने

च) अध्यक्ष, सचिव, कोषाध्यक्ष, सल्लाहकार र सदस्य सहितको ५ सदस्यीय एक सचिवालय गठन गर्ने । यसले समितिका तर्फबाट लिनु पर्ने अपरझट निर्णयहरू गर्नेछ । तर त्यस्ता निर्णयहरूलाई कार्यसमितिको बैठकमा अनुमोदन गर्नु पर्नेछ ।

छ) आवश्यकतानुसार विभिन्न समिति तथा उप-समितिहरू गठन गर्ने ।

ज) संस्थाको वार्षिक क्यालेण्डर अनुसार वार्षिक कार्ययोजना बनाई विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।

झ) विभिन्न किसिमका नेपाली तथा गैर-नेपाली सघं सस्थाहरूसंग समन्वयन गर्ने र सुमधुर सम्बन्धको संजाल विस्तार गर्ने।

ञ) यस संस्थाको लक्षित समुदाय नेपाली रहेकोले यस संस्थाले नेपालमा रहेका संस्था तथा समुदायहरूसंग समन्वयन गरी विभिन्न किसिमका कार्यक्रमहरू गर्नेछ ।

**<u>१३) पदाधिकारी सदस्य कायम नरहने अवस्था</u>**

क) मृत्यु भएमा ।

ख) अध्यक्षले उपाध्यक्षमार्फत् र अन्य पदाधिकारी वा सदस्यहरूले अध्यक्षमार्फत् कार्य समितिमा लिखित राजिनामा दिई स्विकृत भएमा

ग) विधान बमोजिम योग्यता नपुगेमा र संयुक्त अधिराज्य बेलायत छाडी लामो समयावधिका लागि अन्यत्र गएमा ( तर आजिवन तथा

साधारण सदस्यमा रहन सक्नेछ)।

घ) मनासिव कारण नदेखाई लगातार ३ पटकसम्म बैठकमा अनुपस्थिति भएमा । तर यस्तो अवस्थामा स्पष्टिकरण दिनका लागि पर्याप्त मौका दिईनेछ ।

ङ) संस्था प्रति आँच आउने कार्य गरेमा ।

च) **अविश्वासको प्रस्तावः-** समितिका कुनै पदाधिकारी उपर विश्वास छैन् भने कुल सदस्यको २५ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् त्यस्तो प्रस्ताव परेपछि समितिले १५ दिन भित्र विशेष साधारण सभा बोलाउने छ र दुई तिहाई बहुमतबाट अबिश्वासको प्रस्ताव पारित भएमा स्वत पदमुक्त हुनेछन् ।

**१४) गणपुरक संख्या**

कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरू उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको परिच्छेद-४ को उपदफा १० (घ) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ५
## काम, कर्तव्य र अधिकार

**१५) कार्यसमितिको काम, कर्तव्य र अधिकार**

**अ) अध्यक्षः-**

क) संस्थाको प्रमुख भई काम गर्ने तथा समितिलाई नेतृत्व प्रदान गर्ने ।

ख) संस्थाको बैठक, साधारण सभा र विषेश साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

ग) सभा र बैठकमा कुनै विषेश बराबर मत भएमा निर्णायक मत प्रदान गर्ने ।

घ) साधारणसभा र आकस्मिक बैठक बोलाउन निर्देशन दिने ।

ङ) समितिको प्रत्येक दुई महिनाको १ पटक नघटाई बैठक बोलाउने ।

च) संस्थाको आचारसंहिता पालना गर्ने, गराउने ।

छ) संस्थाको कार्ययोजना र कार्यक्रमहरू तयार पार्ने ।

ज) कार्यसमितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**आ) उपाध्यक्षः-**

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नु पर्ने सम्पूर्ण कामहरू गर्ने ।

ख) अध्यक्षले प्रत्यायोजन गरेका सम्पूर्ण काम गर्ने ।

ग) संस्थागत हितमा क्रियाशील रहने ।

घ) यस संस्थाको कार्यक्रम सफल पार्न रचनात्मक भूमिका खेल्ने ।

ङ) कार्यसमितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**इ) महासचिव ः-**

क) अध्यक्षसंग परामर्श गरी कार्यसमितिको बैठक, आकस्मिक बैठक र साधारणसभा वा विशेष साधारणसभा बोलाउने ।

ख) कार्यकारिणी समिति र साधारणसभाका बैठकहरूमा प्रस्तावहरू तयार गरी पेश गर्ने ।

ग) कार्यकारिणी समिति र साधारणसभाका बैठकहरूमा प्रस्तावहरू त्यार गरी पेश गर्ने ।

घ) कार्यकारिणी समिति र साधारणसभाका बैठकबाट पारित निणर्यहरू र प्रतिबेदनहरू कार्यन्वयन गर्ने र गर्न लगाउने ।

ङ) संस्थाको दस्तावेज, कामकाजहरूको कागजात तथा अभिलेखहरू दुरूस्त र सुरक्षितसँग कार्यलयीय रूपमा ब्यवस्थित गर्ने

च) संस्थाको तर्फबाट पत्रचार गर्ने तथा सम्पर्क स्थापित गर्ने ।

छ) संस्थाको कार्य संचालन गर्ने र गर्न लगाउने ।

ज) विधानले तोके अनुसारका सम्पूर्ण कामहरू गर्न क्रियाशील रहने र भैपरी आउने कामहरू गर्ने ।

**ई) सहसचिव ः-**

क) सचिवको अनुपस्थितिमा बैठक सञ्चालन गर्ने ।

ख) सचिवका काममा सहयोग गर्ने ।

ग) सचिवले अह्राएको कामकाज गर्ने ।

घ) यस संस्थाको कार्यक्रम सफल पार्न रचनात्मक भूमिका खेल्ने ।

ङ) सचिवको अनुपस्थितिमा वा रिक्त भएमा सचिवकाले गर्ने सबै कामहरू गर्ने ।

च) कार्यसमितिले तोकेको अन्य कामहरू गर्ने ।

**उ) कोषध्यक्ष :-**

क) संस्थाको कोषको जिम्मा लिने र लेखासम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने ।

ख) संस्थको आय-व्यय र जिन्सीको हिसाव किताव दुरूस्त राख्ने ।

ग) साधारण सदस्यता एवं अन्य शुल्कहरूको विवरण दुरूस्त राख्ने ।

घ) बार्षिक आर्थिक कारोबारको लेखापरीक्षण गराउने र प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

ङ) कार्यकारिणी समिति र साधारणसभाको आर्थिक सम्बन्धी निर्णय कार्यान्वयन गर्ने, गराउने ।

च) कोषको परिचालन गर्ने ।

छ) हरेक बैठकमा कोषको जानकारी दिने ।

ज) हर-हिसाबहरू बैठकबाट अनुमोदन गराउने ।

झ) कार्यसमितिले तोकेको अन्य कामहरू गर्ने ।

**ऊ) सह-कोषाध्यक्षः-**

क) कोषध्यक्षको कार्यमा सहयोग गर्ने तथा संस्थाको सदस्यहरूको रेकर्ड अद्यावधिक गर्ने ।

ख) कोषाध्यक्षले तोकेको अन्य कार्यहरू गर्ने ।

ग) कोषाध्यक्षको अनुपस्थितिमा वा रिक्त भएमा कोषाध्यक्षले गर्ने सबै काम गर्ने ।

घ) कार्यकारिणी समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**ए) सदस्य :-**

क) संस्थाको उद्देश्य पूर्तिका लागि नियमित रूपमा क्रियाशील रहने ।

ख) अध्यक्षबाट निर्देशित संस्थागत कार्यहरू गर्ने ।

ग) कार्यसमितिले तोकेको अन्य कामहरू गर्ने ।

## परिच्छेद ६
## कोषको व्यवस्था

**<u>१६) संस्थाको कोष</u>**

क) संस्थाको नाममा स्थानीय बैंकमा खाता खोलिनेछ । संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै दुई जनाको संयुक्त

दस्ताखतमा कुनै बैंकमा खाता संचालन गरिनेछ । तर कोषाध्यक्षको दस्ताखत अनिवार्य हुनुपर्नेछ ।

ख) निर्वाचन पछि अर्को कोषाध्यक्ष निर्वाचित भएमा, निर्वाचन भएको एक महिनाभित्र सबै लेखाहरू नवनियुक्त कोषाध्यक्षलाई बुझाई सक्नु पर्नेछ ।

ग) कार्यसमितिले विविध प्रयोजनका लागि आवश्यक नियमहरू बनाई कोष संकलन अभियान संचालन गर्न सक्नेछ ।

घ) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू रहने छन् ।

अ) सदस्यता शुल्क वाफत प्राप्त रकम ।

आ) कसैले स्वच्छाले दिएको अनुदान रकम ।

इ) कुनै कार्यक्रम संचालनको लागि दाताहरूबाट लिएको रकम ।

ई) विविध कार्यक्रमहरूबाट उठेको रकम ।

उ) अन्य ।

**ङ) कोष परिचालनः-** संस्थाको कोष कार्यसमितिले तोके बमोजिम संचालन गरिनेछ ।

## १७) संस्थाको लेखा र लेखा परीक्षण

क) संस्थाको आय व्ययको लेखा विवरण इजाजत प्राप्त लेखापरिक्षकबाट परीक्षण गराई साधारणसभामा पेश गरिनेछ ।

ख) बेलायती क्यालेन्डर अनुसारको आर्थिक वर्षलाई नै संस्थाको आर्थिक वर्ष मानिनेछ ।

# परिच्छेद-७

# निर्वाचन

## १८) निर्वाचन सम्वन्धि व्यवस्था

क) प्रत्येक २ वर्षमा कार्यकारिणी समितिको निर्वाचन हुनेछ ।

ख) कार्य समितिले आफ्नो पदावधि समाप्त हुनु १ महिना पहिले १ जना निर्वाचन संयोजक सहित न्युनतम् २ सदस्यीय निर्वाचन समिति गठन संस्थाको सदस्यहरूबाट गर्नेछ ।

ग) निर्वाचन समितिलाई निर्वाचन सम्वन्धित कुनै कुरामा बाधा अड्काउ आईपरेमा कार्य समितिको परामर्श लिई बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

घ) निर्वाचन समितिले कार्यकारिणी समितिको कार्य मुल्याङ्कलाई प्राथमिकता दिई निर्वाचन प्रक्रिया अगाडि बढाईनेछ ।

ङ) निर्वाचन सम्पन्न गराउन समितिले निर्वाचन सम्बन्धी नियम-विनियमहरू तयार गर्नेछ । सोही नियम अनुसार निर्वाचन सम्पन्न भएको घोषणा गरिनेछ ।

च) निर्वाचन समितिले निर्वाचन सम्बन्धित गरेको निणर्य अन्तिम हुनेछ ।

छ) निर्वाचन सकिएपछि सो निर्वाचन समिति स्वतः भङ्ग हुनेछ ।

**१९) उम्मेदवार हुने योग्यता**

क) संस्थाको सदस्य हुनु पर्ने

ख) कुनै कानुनद्वारा अयोग्य नठहरेको

ग) संस्थाको उद्धेश्य बमोजिम काम गर्न प्रतिवद्ध रहने

घ) लागु औषधको दुर्व्यसनि नभएको वा छाडेको

ङ) कुनै एक पदमा बढीमा ३ कार्यकाल भन्दा बढी अवधिको लागि उम्मेदवार हुन पाईने छैन ।

च) अध्यक्ष, सचिव, कोषाध्यक्ष पदमा उम्मेदवार हुन कम्तीमा १ कार्यकाल कार्य समितिको कुनै एक पदमा निर्वाचित भई एक कार्यकाल पुरा गरेको हुनुपर्दछ । तर प्रथम अधिवेशनको लागि  यो दफा लागु हुनेछैन् ।

## परिच्छेद-८
## विधान

**२०) विधान संशोधन**

क) संस्थाको विधान संशोधन गर्नु परेमा केन्द्रिय कार्यकारिणी समितिले मस्यौदा समिति गठन गर्नेछ । सो समितिले प्रस्तुत गरेको मस्यौदा विधानलाई कार्यकारिणी समितिको बैठकबाट पारित गरी पारित मस्यौदालाई निर्णयार्थ वार्षिक साधारणसभा वा विशेष साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

ख) वार्षिक साधारणसभा वा विशेष साधारणसभामा उपस्थित सम्पुर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो संशोधन प्रस्ताव पारित भएको मानिनेछ। साधारणसभा वा विशेष साधारणसभाबाट पारित भएको मितिदेखि विधान लागु भएको मानिनेछ ।

## अनुसूची-१

**(परिच्छेद १ को दफा ३ सँग सम्बन्धित)**

**<u>संस्थाको छाप</u>**

## अनुसूची - २

**(परिच्छेद ३ को दफा १० को उप दफा "घ" सँग सम्बन्धित)**

**<u>संस्थापक सदस्य</u>**

क) धनकाजी विश्वकर्मा (सरगम)

ख) कविता गुरूङ

ग) लेख (एल.वि.) गुरूङ

घ) सन्तोष विश्वकर्मा